AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# रोजगार अधिकार र शर्तहरू

अष्ट्रेलियामा एकजना कर्मचारीका रूपमा तपाईंमा निश्चित अधिकारहरू हुन्छन् जसले तपाईँलाई न्यूनतम ज्याला, भत्ता, अतिरिक्त समय, दण्ड जरिवानाको दरहरू, कामको अवधी, बिरामी विदा र कार्यस्थलको सुरक्षालगायत अन्य अधिकारहरू तोकिएको हुन्छ। अलग अलग राज्यहरूमा ती कुराहरू पनि अलग अलग हुन्छन्। तपाईंले आफ्नो रोजगारदातासित यकिन विवरणहरू सोधपुछ गर्नुपर्छ। तपाईंले आफ्नो केसवर्कर वा प्रस्तावकसित पनि काम गर्न थाल्नुअघि कर्मचारीको अधिकारका बारेमा सोधपुछ गर्नुपर्छ। श्रम सङ्गठनमा समावेश हुने अधिकार पनि तपाईंमा निहित हुन्छ।

## रोजगारीका शर्तहरू

रोजगारीका शर्तहरू अलग अलग हुन सक्छन्। तपाईंको रोजगारी स्थायी खालको हुनसक्छ जसको मतलव तपाईंले विरामी विदा र विदाको दिनको तलब पाउनु हुन्छ अथवा अस्थायी रोजगारी जसमा तपाईंले गर्नुभएको कामको घण्टाको आधारमा तपाईँलाई तलब दिइन्छ। तपाईंले दिउँसोको व्यावसायिक समयमा वा रातको बेला पूर्णकालिन वा आंशिक समयको काम गर्नुहुनेछ। तपाईंको परिवार र शिक्षामा रहेको अतिरिक्त प्रतिवद्धतालाई ख्याल गरेर तपाईंले आवश्यक घण्टा मात्र गर्नसक्ने रोजगारी स्वीकार गर्नु महत्वपूर्ण हुन्छ। थप जानकारीको लागि www.fairwork.gov.au मा जानुहोस्।

## तलवबाट घटाउने विषयहरू

तपाईंको तलवबाट आम्दानी कर, पेन्सन वा सुपरएनुएसन, यूनियनको शुल्क (यदि तपाईं यूनियनको सदस्य बन्नुभएको भएमा) र अन्य लाभहरूबापत रकम कटाउने गरिन्छ। तपाईंले काम गर्न शुरू गर्दा नै आफ्नो रोजगारदातासित कुन कुन कुरा घटाउने गरिएको छ त्यो स्पष्ट रूपमा बताउन भन्नुहोस्। तपाईंले आफ्नो तलबबाट निश्चित बिलहरू तिर्न (उदाहरणको लागि भाडा, विजुली) का लागि स्वत: घटाउन भन्न सक्नुहुन्छ।

## पेन्सन वा सुपरएन्युएसन

सुपरएन्युएसन (Superannuation) भनेको एक प्रकारको बचत योजना हो जसमा रोजगारदाताले तिनका कर्मचारीहरूलाई अवकाश भएपछि बाँच्नका लागि पैसा रहोस् भनेर रकम जम्मा गरिदिने गरेका हुन्छन्। जब मानिसहरू ६० – ६५ वर्षका हुन्छन् उनीहरू 'अवकाश' लिन्छन्। तर यो उमेर फरक फरक हुनसक्छ। रोजगारीमा रहेको हरेक व्यक्ति पेन्सन वा superannuation को 'super' बचत योजनामा समावेश भएको हुनुपर्छ। कानूनअन्तरगत एकजना रोजगारदाताले कर्मचारीको आयको निश्चित रकम superannuation कोषमा जम्मा गरिदिनुपर्छ। कर्मचारीहरूले पनि अतिरिक्त रकम तिनका सुपर कोषमा राख्न सक्छन्। थप जानकारीको लागि

- www.ato.gov.au/super/
- www.moneysmart.gov.au/superannuation-and-retirement मा जानुहोस्।

## काममा स्वास्थ्य र सुरक्षा

हरेक राज्य वा प्रदेशमा कर्मचारीहरूलाई तिनका काम गर्ने ठाउँमा सुरक्षित राख्न कानूनहरूको व्यवस्था गरिएको हुन्। ती कानूनहरूमा सुरक्षित काम गर्ने वातावरण, पर्याप्त कल्याणकारी सुविधा, कार्यस्थलमा हुने सम्भाव्य खतराबारे कर्मचारीलाई तालिमको व्यबस्था , कर्मचारीको स्वास्थ्यको निगरानी र स्वास्थ्य तथा सुरक्षाबारे सल्लाह दिन योग्यताप्राप्त व्यक्तिहरू उपलब्ध गराउने लगायतका विषयहरू समावेश छन्। सबै कर्मचारीहरूले तिनका रोजगारदाताको स्वास्थ्य र सुरक्षासम्बन्धी प्रकृयालाई अनुसरण गर्नुपर्छ। यसमा व्यवस्थापनसित समन्वय गर्ने, सुरक्षित कपडा लगाउने र काम गर्ने ठाउँमा उनीहरूको काम कारबाहीले ती कर्मचारी स्वयं र अरूहरूलाई कुनै खतरा नहुने कुरा सुनिश्चित गर्नु रहेका छन्। थप जानकारीको लागि www.safeworkaustralia.gov.au मा जानुहोस्।

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको।

IOM • OIM